जुनीचाँदे गाउँकार्यपालिकाको मिति २०८१/०६/१४ गतेका निर्णयहरु

| प्रस्ताव नं. | प्रस्तावको व्यहोरा | निर्णयहरु | कैफियत |
|---|---|---|---|
| १/२०८१/०८२ | अस्थायी आवास तथा विपद् व्यवस्थापन सम्बन्धमा | पहिलो किस्ताका लागी कायम भएका सामाग्रीको दोस्रो किस्ताको लागी पोर्टलमा इन्ट्री र पहिलो किस्ता अनुदान प्राप्तीका लागी प्रविष्टी गर्न बाँकी लाभग्राहीको बाँकी प्रविष्टी गर्न कर्मचारी परिचालन गर्ने र त्यस्को साथै अनुगमन गरी विपद् व्यवस्थापन समितिको बैठक बसी दोस्रो किस्ताको रकम माग गर्ने। | |
| २/२०८१/०८२ | सडक सफाई तथा अवरोध हटाउने सम्बन्धमा | सडक सफाई तथा अवरोध हटाउनको लागी यस कार्यालयका निम्न लिखित सडकहरुको दशै तिहार अगाडी नै सडक सफाई गर्नका लागी प्राविधिक लागत अनुगमन तयार गरी प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी गर्ने र गाउँपालिकाको ब्याक्होलोडर प्रयोग गरी सडक लगबुकको आधारमा, इन्धन तथा मर्मतका आधारमा भुक्तानी दिने ।<br>**तपसील:**<br>**गाउँपालिकाको मेशिन प्रयोग गरी अवरोध हटाउने:**<br>१. बड्कुले विरा सडक<br>२. सुयाडा मजकोट आली मौगान हुदै सानाखोला कोर्ताङ सडक<br>३. छाना कार्कीगाउँ पराले सानाखोला सडक<br>४. फापरवया देखी भैरव मा.वि. सडक<br>५. सानाखोला ताँगा घतखोला सडक<br>६. शिवपुरी गर्खाकोट लुहदह सानाखोला हुँदै गाउँपालिका जोड्ने सडक<br>**भाडाको मेशिन प्रयोग गरी अवरोध हटाउने:**<br>१. नरमरा लुहादह सडक<br>२. रादेउ लामातडा मटेला गर्खाकोट चौथरा सडक<br>३. कोर्ताङ नेटा लमरा शिर्पा निपाने सडक<br>४. खोपरेना पञ्चाला खुदिना सडक<br>५. पञ्चाला देउतरा सानाखोला सडक | |
| ३/२०८१/०८२ | सार्वजनिक जग्गा सम्बन्धमा | यस गाउँपालिकाको रहेको सार्वजनिक अतिक्रमण रोक्न जग्गाको लागत संकलन गरी जग्गा वर्गिकरण तथा नियमन गर्न कानून कार्यविधि निर्माण गर्ने र जग्गा वर्गिकरण प्रकृया अगाडी बढाउने। | |
| ४/२०८१/०८२ | साविक मजकोट गा.वि.स. तथा गाउँपालिकाको भोगचलनमा रहेको जग्गा सम्बन्धमा | साविक मजकोट गा.वि.स. परालेमा रहेको र हाल गाउँपालिकाको भोग चलनमा रहेको जिल्ला मालपोत कार्यालय जाजरकोटमा श्रेस्ता कायम रहेको जग्गाको तत्काल क्षेत्रफल एकिन गरी समाङ्कन गर्न जिल्ला नापी कार्यालय, जाजरकोटमा पत्राचार गर्ने र जग्गाको क्षेत्रफल एकिन भए पश्चात गाउँपालिकाको जग्गा अतिक्रमण गरी बनाएका घर टहरा हटाउन सूचना प्रकाशन गरी हटाउने। | |
| ५/२०८१/०८२ | करार सेवाका कर्मचारी सम्बन्धमा | यस गाउँपालिकाबाट आर्थिक दायित्व व्यहोर्ने गरी करार सेवामा नियुक्त कर्मचारी, शिक्षक, बालविकास,विद्यालय कर्मचारी, कम्प्युटर शिक्षक, पुस्तकालय सहायक, स्वास्थ्य तर्फका कर्मचारी, कृषि र पशु तर्फका कर्मचारी, कार्यालय सहयोगी, पिटौली लगायतका जनशक्तिको लागी यस आ.व. को बजेटमा असोज मसान्त सम्म मात्र तलव भत्ताको व्यवस्था भएको हुँदा त्यस पछि गाउँपालिकाले दायित्व व्यहोर्न नसक्ने अवस्था सृजना भएको हुँदा कानून निर्माण गरी संगठन संरचना निर्माण गरी आवश्यकता र आन्तरिक स्रोतको विश्लेषण गरी सोको आधारमा शिक्षक, बालविकास, विद्यालय कर्मचारीहरुको शिक्षक तथा विद्यालय दरवन्दी मिलान गर्ने र बाँकी करार सेवाका कर्मचारीहरुको म्याद थप नगर्ने र हाल सम्म तलव भुक्तानी नभएका करार सेवाका कर्मचारीहरुको आवश्यक बजेटको व्यवस्था गरी तलव भुक्तानी गरी म्याद थप नगर्ने। | |
| ६/२०८१/०८२ | स्याउ/ओखर उत्पादन पकेट विकास कार्यक्रम छनौट सम्बन्धमा | यस जुनीचाँदे गाउपालिकाका चालु आ.व. २०८१-०८२ का स्याउ/ओखर उत्पादन पकेट विकास कार्यक्रम क्षेत्र छनौट गर्ने सम्बन्धमा जुनीचाँदे गाउँपालिका वडा नं. २ मा सञ्चालन गर्ने गर्ने गरी क्षेत्र छनौट गर्ने। | |

२०८१/०६/१४

राम बहादुर नेपाली
प्रवक्ता